त्रिपुरासुन्दरी नगरपालीका
नगर कार्यापालीकाको कार्यालय
त्रिपुराकोट बगर, डोल्पा
कर्णाली प्रदेश, नेपाल

# औषधी खरिद सम्वन्धी शिलबन्दी दरभाउपत्र आह्वान

**(प्रथम पटक प्रकाशन मिति : (२०७५/८।१४ गते) सूचना नं ०७५/०७६/०१**

यस नगरपालिकालाई आवश्यक पर्ने औषधी खरिद गर्नु पर्ने भएकोले औषधी तथा औषधी जन्य सामान सप्लाइ गर्न इजाजत प्राप्त गरेका इच्छुक व्यक्ति,फर्म/कम्पनी/संस्थाले देहाय वमोजिमको शर्तहरुको अधिनमा रहि रितपुर्वकको सिलबन्दी दरभाउ पत्र तोकिएको समय भित्र पेश गर्नु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**१)** यो सूचना प्रकाशित गरिएको मिति देखि १५ औ दिनको ठिक ४:०० बजेसम्म रु १०००। (एक हजार) नगद दस्तुर सहित लिखित निवेदन साथ आवश्यक सम्पुर्ण प्रमाणित कागजात संलग्न राखि यस नगरपालिकाबाट दरभाउ पत्र फाराम खरिद गर्न सकिनेछ।

३) दरभाउपत्र फारम रितपुर्वक स्पष्ट भरि प्रत्येक पानामा आधिकारिक व्यक्तिको दस्तखत र छाप लगाई औषधी सप्लाईका लागि चाहिने आवश्यक प्रमाणित कागजातहरु (फर्म/संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको ईजाजतपत्र, मुल्य अभिबृद्धि कर तथा स्थायी लेखा नंवर दर्ता प्रमाणपत्र, आ.व.२०७४/०७५ को कर चुक्ता प्रमाण, दरभाउपत्र जमानत जम्मा गरेको सक्कलै भौचर वा ७५ दिनको अवधि भएको बैंक ग्योन्टी, औषधी सप्लाई कार्यमा अयोग्य नभएको,कुनै स्वार्थ नबाझिएको,कुनै सजाय नपाएको भनि लिखित रुपमा गरेको स्वघोषणा पत्र ) अनिवार्य संलग्न राखि पेश सिलबन्दी गरि पेश गर्नु पर्नेछ।

४) यो सूचना प्रकाशित भएको मिति देखि १६ औ दिनको १२:०० वजे भित्र दरभाउपत्र नगरपालिकामा दर्ता गरी सक्नु पर्नेछ साथै हुलाक वा कुरियर्स मार्फत पनि दर्ता गरी गराउन सकिनेछ यसरी हुलाक वा कुरियर्स मार्फत पेश हुन आएका दरभाउ पत्रहरु १६ औ दिनको १२:०० वजे भित्र नै नगरपालिकामा प्राप्त भईसक्नु पर्नेछ अन्यथा कुनै कारवाही अगाडी बढाइने छैन।

४) सम्पुर्ण औषधी र औषधी जन्य सामानहरु WHO GMP बाट प्रमाणित कम्पनीको हुनु पर्नेछ दरभाउपत्रमा कम्पनीको नाम अनिवार्य उल्लेख गर्नुपर्नेछ अन्यथा दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन।

५) दरभाउपत्रमा मुल्य अभिवृद्ध कर सहितको कबोल रकम अङ्क र अक्षरमा प्रत्येक आईटमको छुट्टा छुट्टै उल्लेख गर्नुपर्नेछ अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ साथै दरभाउपत्र मुल्याङ्कन गर्दा आईटम वाईज मुल्याङ्कन गरिनेछ।

६) दरभाउपत्रदाताले औषधी र सम्बन्धित सामग्री आफै ढुवानी गरि यस त्रिपुरासुन्दरी नगरपालिकाको कार्यालय त्रिपुराकोट डोल्पामा बुझाउनु पर्नेछ।

७) दरभाउपत्र फाराम जमानत रकम रु ४५,०००।- अक्षरुपी ( पैतालिस हजार रुपैया मात्र ) यस कार्यालयको नाममा माछापुछ्रे बैंक डोल्पा शाखामा रहेको धरौटी खाता नं.९४०१५२४६८१४१५०५९ जम्मा गर्नु पर्नेछ।

८) यस सुचना अनुसार रित पुर्बक पेश हुन आएका दरभाउपत्र फारमहरु दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा सूचना प्रकाशित भएको मिति देखि १६ औ दिनको २:०० वजे त्रिपुरासुन्दरी नगरपालिका त्रिपुराकोट वगर डोल्पामा खोलिनेछ । यदि सो समयमा निजहरु अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन। साथै दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ। साथै पेश भएका दरभाउपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिका मा सुरक्षित रहने छ।

१० यस सुचना र बोलपत्र कागजातमा थपघट हुन गएको अन्य सम्पुर्ण कुराहरु सार्वजनिक खरिद ऐन २०६३ , सार्वजनिक खरिद नियमावली २०६४, का साथै अन्य यस खरिद प्रकृया संग संबन्धीत ऐन, नियम अनुसार हुनेछ।

११) अन्य थप कुरा बुझ्नु परेमा मोबाइल नं ९७४८६३५३७३ वा ९७५१०९९९७३ मा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत